आर्थिक वर्ष :- ०७६।०७७
बैठक संख्या :- ५६
मिति :- २०७६।०४।२२ (बुधबार)
समय :- दिनको : २.०० वजे

कमलामाई नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्ग बहादुर खत्री ज्यूको अध्यक्षतामा बसी देहाय वमोजिम निर्णय भयो ।

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्रि | - नगर प्रमुख |
| श्री मंजु देवकोटा | - नगर उप-प्रमुख |
| श्री महेशराज खतिवडा | - वडा अध्यक्ष १ |
| श्री नवराज थिङ | - वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाँई | - वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | - वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खडका | - वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | - वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | - वडा अध्यक्ष ७ |
| श्री टिका बहादुर मुक्तान | - वडा अध्यक्ष ८ |
| श्री देवराज पौडेल | - वडा अध्यक्ष ९ |
| श्री रामहरि ढुङ्गेल | - वडा अध्यक्ष १० |
| श्री राम बहादुर थिङ | - वडा अध्यक्ष ११ |
| श्री ललित बहादुर आले | - वडा अध्यक्ष १२ |
| श्री किरण माझी | - वडा अध्यक्ष १३ |
| श्री जितलाल अधिकारी दनुवार | - वडा अध्यक्ष १४ |
| श्री शिव कुमारी रायमाझी | - महिला सदस्य |
| श्री कान्ता ढकाल | - महिला सदस्य |
| श्री रुद्र कुमारी कार्की | - महिला सदस्य |
| श्री पदम कुमारी बस्नेत | - महिला सदस्य |
| श्री सुनिता सार्की | - महिला सदस्य |
| श्री केशर बहादुर नेपाली | - दलित / अल्पसंख्यक सदस्य |
| श्री झौला अधिकारी दनुवार | - दलित / अल्पसंख्यक सदस्य |
| श्री नरेश वि.क | - दलित/ अल्पसंख्यक सदस्य |
| श्री पुरुषोतम सुवेदी | - प्रमुख प्रसशाकिय अधिकृत ( सदस्य सचिव) |
| श्री सुशिल वर्मा | - आ. लेप. प्र. |

**निर्णय नं. १** :- उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधी, २०७५ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** :- कमलामाई नगरपालिकावाट आर्थिक वर्ष ०७५।०७६ मा संचालित कार्यक्रमहरुको २०७६ साल भाद्र २ गते सर्वपक्षिय समिक्षा र ३ गते सार्वजनिक सुनवाई गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** :- कमलामाई नगरपालिका मा लेदोजन्य फोहर सरसफाईको लागि सक्सन टेकंमा काम गर्ने कर्मचारीहरु (ड्राईभर १ जनालाई रु.२००। र सरसफाई कर्मचारीहरु २ जना लाई रु.३००। प्रतिव्यक्ति (प्रति टिप) थप सुविधा उलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४** :- आर्थिक वर्ष ०७५।०७६ मा संचालन हुने गरि ३ नं. प्रदेश सरकार संग विशेष अनुदान कार्यक्रम अन्तरगत फोहोर मैला व्यावस्थापनमा रु.२ करोड र लोपोन्मुख, जनजाती हरुको आर्थिक समृद्धिको कार्यक्रम गर्न रु.५ करोड अनुदान माग गर्ने निर्णय गरियो ।

**अनिर्णय नं. ५** :- कमलामाई नगरपालिको ल्यान्ड फिल्ड साईडमा संकलन गरिएको फोहोर व्यवस्थापन गर्दै आम्दानी समेत प्राप्त गर्नको लागि वार्षिक न्यूनतम अंक रु. ६०००००। (छ लाख) कायम गरी दरभाउ पत्रको सूचना प्रकाशन गर्नै निर्णय गरियो ।

**निर्णय नं. ६** :- जिल्ला समन्वय समितिबाट समायोजन भई आएका अस्थायी कर्मचारीहरुलाई खाईपाई आएको साविक को ग्रेड रकम चालु आर्थिक बषमा पनि उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७** :- कमलामाई नगरपालिकालाई स्मार्ट सिटि बनाउने अवधारणापत्र तयार गर्नको लागि रु.३०००००। (तिन लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** :- सिन्धुली बहुमखि क्याम्पसलाई ०७६ भाद्र ६, ७ र ८ गते बैंकिङ ट्रेनिङ्ग संचालन गर्नको लागि रु.२०००००। (दुई लाख) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९** :- कमलामाई नगरपालिकावाट गठित दैवी प्रकोप राहत समितिवाट प्राप्त प्रतिवेदनमा उल्लेख विवरणमा सडक योजना थप सहित जिल्ला प्रशासन कार्यालय र प्रदेश सरकारमा कार्यान्वयनको लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १०** :- वडा न. ६, रातमाटा प्लानिङ् सडक, वडा नं. ९, इनारपानी हुँदै बथानचौडी माझीटोल जोड्ने सडक र वडा नं. ९, इनारपानी हुँदै सानो भलुवाही सडक र चियावरी - केवरे हुदै वासकटेरी स्वाँरा २, ४ र ७ जोडने सडक , सातधारा गुरासे सडक क.न.पा. १ र मिलनचोक- ढकालगाँउ- कालीमाटि- खेलकुद रगंशाला जाने सकड को विस्तृत आयोजना प्रतिवेदन तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** :- प्रदेश समपुरक कोष अन्तरगतको सडक तर्फ कमलामाई १० सरकारी टोल देखि दोभान सम्मको मुल सडक, सौर्य उर्जा तर्फ सडक सौर्य उर्जा र पर्यटन तर्फ सिन्धुलीगढी पर्यटकिय प्रवर्द्धन कार्यक्रम तयार गरी पठाउने निर्णय गरियो ।